Statewide Processing Center
PO Box 14620
Salem, OR  97309

P.O. Box 14015, Salem, OR  97309
Voice: 1-800-699-9075
FAX: 503-378-5628
TTY: 711
www.ohp.oregon.gov

September 2022

Case number:

# तपाईंको फाइदाहरू राख्नमा मद्दतको लागि आफ्नो हालको सम्पर्क जानकारी राख्नुहोस्

आदरणीय ओरेगन स्वास्थ्य योजना (Oregon Health Plan)का सदस्य,

तपाईंको ओरेगन स्वास्थ्य योजना (OHP) कभरेज परिवर्तन भइरहेको छैन! यो पत्र तपाईंले भविष्यमा आफ्नो कभरेज राख्नमा मद्दत पाउनका लागि अपनाउनुपर्ने चरणहरूको बारेमा हो।

**तपाईंको सम्पर्क जानकारी हालको कसरी राख्ने:**

1. **तपाईंको मेल गर्ने ठेगना, इमेल ठेगना वा फोन नम्बर परिवर्तन हुँदा हामीलाई तुरुन्तै थाहा दिनुहोस्।** परिवर्तनहरूबारे रिपोर्ट गर्ने तरिकाहरू हेर्न पृष्ठ 2 हेर्नुहोस्।
2. **आफ्नो मेल हेर्नुहोस् र हामीले पठाउने सूचनाहरू पढ्नुहोस्।** हामीले अनुरोध गर्ने जानकारी सधैँ हामीलाई पठाउनुहोस्।
3. **नवीनतम OHP समाचारहरूका साथ अद्यावधिक रहनुहोस्। OHP.Oregon.gov** मा जानुहोस् वा आफ्नो स्थानीय OHP समूदायिक साझेदार संस्थाहरूलाई अनुरोध गर्नुहोस्। **bit.ly/ohplocalhelp** मा एउटा फेला पार्नुहोस्।

## तपाईंलाई के के थाहा पाउन आवश्यक छ:

### 1. तपाईंको OHP कभरेज अझै पनि सक्रिय छ।

तपाईले यस पत्रको कुनै जवाफ दिन पर्दैन। हामीलाई थप जानकारी आवश्यक परेमा, हामीसँग तपाईंको हालको सम्पर्क जानकारी हुँदासम्म हामी तपाईंलाई थाहा दिने छौँ।

### 2. कोभिड-19 विरुद्ध आपतकालीन अवस्थापछि OHP मा आउने परिवर्तनहरू:

कोभिड-19 महामारीको समयमा, धेरैजसो सदस्यहरूको जीवनमा धेरै पैसा कमाउने जस्ता परिवर्तन भएता पनि उनीहरूले आफ्नो OHP राखेका थिए। यो कोभिड-19 विरुद्ध आपतकालीन अवस्था अन्तर्गत नीति परिवर्तनहरूका कारणले गर्दा भएको थियो।

### 3. कोभिड-19 विरुद्ध आपतकालीन अवस्था अन्त्य भएछ:

तपाईं OHP को लागि अझै पनि योग्य हुनुहुन्छ वा हुनुहुन्न भनी हेर्न हामीलाई थप जानकारी आवश्यक परेमा हामी तपाईंलाई सम्पर्क गर्ने छौँ।
हामी तपाईंलाई उक्त हुँदा तयार हुन मद्दत गर्न चाहन्छौँ। हामी तपाईंलाई सम्पर्क गर्न सकेनौँ भने, तपाईंले आफ्नो कभरेज गुमाउन सक्नुहुन्छ। तपाईंको सम्पर्क जानकारी हालको राख्नाले तपाईंलाई कभर रहन मद्दत गर्दछ।

# परिवर्तनहरूबारे कसरी रिपोर्ट गर्ने

तपाईं विभिन्न तरिकाहरूमा परिवर्तनहरू रिपोर्ट गर्न सक्नुहुन्छ:

**तपाईंको समन्वित हेरचाह संगठन (CCO) लाई सम्पर्क गर्नुहोस्**

तपाईंको OHP सम्हाल्ने संस्था यो हो।

- तपाईं आफ्नो सदस्य आइडी कार्ड जाँच गरेर आफ्नो CCO पहिचान गर्न सक्नुहुन्छ।
- तपाईंको CCO का लागि सम्पर्क जानकारी **bit.ly/ccoplans** मा फेला पार्नुहोस्।

**अनलाइन**

benefits.oregon.gov

खाता सिर्जना गर्नुहोस् वा तपाईंको अवस्थित खातामा लग इन गर्नुहोस्।
अङ्ग्रेजी वा स्पेनी भाषामा उपलब्ध छ।

**फोनबाट:**

ग्राहक सेवा केन्द्र:

- 1-800-699-9075 (TTY 711)
- सोमबारदेखि शुक्रवार बिहान 7 बजेदेखि बेलुका 6 बजेसम्म। प्यासिफिक समय।
- दोभाषेहरू उपलब्ध छन्।
- तपाईं कर्मचारीसँग कुरा गर्नुभन्दा अघि आफ्नो प्राथमिकता भाषामा अनुवादक पनि प्राप्त गर्न सक्नुहुन्छ। भाषा लाइन benefits.oregon.gov मा फेला पार्नुहोस्।

**व्यक्तिगत रूपमा उपस्थित भएर वा फोन मार्फत:**

वृद्धावस्था र अपाङ्गताहरू भएका मानिसहरू, आत्मनिर्भरता कार्यक्रमहरू वा उमेरवृद्धि कार्यालयहरूको सम्बन्धमा क्षेत्रीय निकाय

- **Oregon.gov/DHS/Offices** स्थान र फोन नम्बरहरू फेला पार्नुहोस्।
- कृपया कार्यालय जानुभन्दा अघि कल गर्नुहोस्।
- दोभाषेहरू उपलब्ध छन्|

धन्यवाद,
ओरेगन स्वस्थ्य योजना

तपाईं यो पत्र अन्य भाषाहरू, ठूलो प्रिन्ट, ब्रेल वा आफूलाई मनपर्ने ढाँचामा प्राप्त गर्न सक्नुहुन्छ। तपाईं दोभाषेका लागि पनि अनुरोध गर्न सक्नुहुन्छ । यो सहयोग निःशुल्क उपलब्ध छ । 800-699-9075 वा TTY 711 मा कल गर्नुहोस्। हामी रिले कलहरू स्वीकार गर्छौं।